कर्णाली प्रदेशको पहिलो दैनिक

# कांक्रेविहार

राष्ट्रिय दैनिक

www .kankrebihar .com








❒ वर्ष : २५ ❒ अंक : ३१० ❒ शुक्रवार, ५ भदौ, २०८३ ❒ Friday, 21 Aug 2026 ❒ नेपाल संवत ११४६ ❒ पृष्ठ : ४ ❒ मूल्य : रू. १०


# विपद्‌मा परि प्रदेशभर १० वर्षमा ६ सय ८६ जनाको मृत्यु

*कर्णालीमा प्राकृतिक विपद्को जोखिम बढ्दै गएको छ। पछिल्लो १० वर्षमा बाढी, पहिरो, आगलागी, चट्याङलगायत विपद्का घटनामा ६ सय ८६ जनाको मृत्यु, १ हजार ४८१ जना घाइते र ७४ जना बेपत्ता भएका छन्। यस अवधिमा ४० हजार ७८ परिवार प्रभावित हुनुका साथै २८ हजारभन्दा बढी घरमा क्षति पुगेको र झन्डै चार अर्ब रुपैयाँ बराबरको आर्थिक क्षति भएको छ ।*

❒ कांक्रेविहार संवाददाता
सुर्खेत, ४ भदौ



भौगोलिक र प्राकृतिक विविधताले समृद्ध कर्णाली प्रदेश प्राकृतिक विपद्को उच्च जोखिममा रहेको छ। बाढी, पहिरो, आगलागी, चट्याङ, अविरल वर्षा र भूकम्पका घटनाले हरेक वर्ष ठूलो जनधनको क्षति पुऱ्याउँदै आएका छन्। कमजोर भू-बनोट, अव्यवस्थित विकास, प्राकृतिक स्रोतको दोहन तथा जलवायु परिवर्तनका कारण विपद्को जोखिम अझ बढ्दै गएको देखिन्छ  गत साउन ३० गते जाजरकोटको रिसाङमा वर्षासँगै गएको पहिरोमा परी चार जनाको मृत्यु र छ जना घाइते भएको घटना कर्णालीमा दोहोरिइरहेको विपद्को पछिल्लो उदाहरण हो। यस घटनाले जोखिमयुक्त बस्ती, सडक निर्माण र विपद् पूर्वतयारीको अवस्थामाथि समेत प्रश्न उठाएको छ।

पछिल्लो १० वर्षको तथ्याङ्कअनुसार कर्णालीमा प्राकृतिक प्रकोपका कारण ६ सय ८६ जनाले ज्यान गुमाएका छन् भने १ हजार ४ सय ८१ जना घाइते भएका छन्। ७४ जना अझै बेपत्ता छन्। यस अवधिमा पहिरोबाट मात्रै १ सय ९६ जनाको मृत्यु भएको तथ्याङ्कले कर्णालीको पहाडी भूभागमा रहेको जोखिमको गम्भीरता देखाउँछ। विपद्बाट हालसम्म ४० हजार ७८ परिवार प्रभावित भएका छन् भने २८ हजारभन्दा बढी घर पूर्ण रूपमा ध्वस्त भएका छन्। विपद्का कारण झन्डै चार अर्ब रुपैयाँ बराबरको आर्थिक क्षति भएको तथ्याङ्क छ।

कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका अनुसार चालु आर्थिक वर्ष २०८३/८४ को साउन १ देखि ३० गतेसम्म मात्रै प्रदेशमा ७० वटा विपद्का घटना भएका छन्। तीमध्ये ३२ वटा पहिरो, २१ वटा अविरल वर्षा, सातवटा आगलागी, चारवटा सुक्खा पहिरो, चारवटा बाढी, एउटा चट्याङ र एउटा भूकम्पका घटना छन्। जिल्लागत रूपमा कालिकोटमा सबैभन्दा बढी १३ वटा विपद्का घटना भएका छन्। दैलेखमा १०, जुम्लामा आठ, जाजरकोट र डोल्पामा सात-सात, सुर्खेतमा छ, सल्यान र मुगुमा पाँच-पाँच तथा रुकुम पश्चिम र हुम्लामा चार-चार घटना भएका छन्।

साउन ३० गतेसम्मकै अवधिमा पहिरोका कारण जाजरकोटमा चार र मुगुमा एक जनाको मृत्यु भएको छ। रुकुम पश्चिम, कालिकोट, जुम्ला, मुगु र सुर्खेतमा गरी १० जना घाइते भएका छन्। विपद्का घटनामा १९ चौपायाको मृत्यु तथा ८७ वटा भौतिक संरचनामा क्षति पुगेको छ। उद्धार तथा राहतका लागि २०६ जना जनशक्ति परिचालन गरिएको कर्णाली प्रदेश प्रहरीले जनाएको छ।

कर्णालीमा विपद्को जोखिम प्राकृतिक कारणले मात्रै बढेको छैन। विकास निर्माणका क्रममा हुने लापरबाही र वातावरणीय संवेदनशीलतालाई बेवास्ता गर्नु पनि जोखिम बढाउने प्रमुख कारण बनेको छ। विशेषगरी इन्जिनियरिङ अध्ययन र वातावरणीय प्रभाव मूल्याङ्कनबिने सडक निर्माणका लागि जथाभावी डोजर चलाउँदा पहाडी भूभाग कमजोर हुने गरेको छ।

जाजरकोटको रिसाङ पहिरोमा पनि अघिल्लो भूकम्पले कमजोर बनाएको जमिन र बस्तीबीचबाट निर्माण गरिएका सडकका कारण क्षति बढेको बताइएको छ। जिल्ला प्रशासन कार्यालय जाजरकोटका अनुसार वर्षायाम सुरु हुनुअघि गरिएको अध्ययनले समेत रिसाङमा ठूलो जोखिम हुन सक्ने संकेत गरेको थियो। जोखिम पहिचान हुँदाहुँदै पनि त्यसअनुसार पूर्वतयारी र सुरक्षित स्थानान्तरण हुन नसक्नु गम्भीर विषय हो।

कर्णालीमा नदीजन्य पदार्थको अनियन्त्रित उत्खनन, वन फँडानी तथा अव्यवस्थित पूर्वाधार निर्माणले समेत भू-संरचनामा असर पुऱ्याउँदै आएको छ। वर्षायाममा पहिरो र बाढीका कारण राजमार्ग तथा बाँकी पृष्ठ २

# प्रक्रिया मिचेर पाठ्यपुस्तक खरिद गर्दा विवाद

❒ कांक्रेविहार संवाददाता
सुर्खेत, ४ भदौ

सुर्खेत बहुमुखी क्याम्पसमा प्रक्रिया मिचेर पुस्तक खरिद गर्दा विवाद भएको छ। क्याम्पसमा नयाँ एलएलबी कार्यक्रम सञ्चालन भएपछि क्याम्पस प्रमूखले प्रक्रिया मिचेर कानून विषयका पुस्तक खरिद गर्दा क्याम्पस प्रमुख र पुस्तकालय प्रमुखबीच विवाद भएको हो।

सुर्खेत बहुमुखी क्याम्पसका प्रमुख माधवप्रसाद खनालले मोडर्न बुक डिस्ट्रिब्युटर्स, बागबजार काठमाडौंलाई पत्राचार गरेर ४ लाख ५८ हजार ६ सय ६१ रुपैयाका पुस्तकहरु मगाए। उक्त खरिद प्रक्रिया सार्वजनिक खरिदको विपरित हो। यस बिषयमा पुस्तकालय व्यवस्थापन समितिलाई पनि जानकारी दिएन्। जब एकै पटक पुस्तकालयमा पुस्तकहरु आए। ती खरिद गरिएका पुस्तकमध्ये केही पुरानो पाठ्यक्रम तथा पुराना कानुनी व्यवस्थासँग सम्बन्धित रहेको र विद्यार्थीका लागि उपयोगी थिएनन्। क्याम्पसका पुस्तकालय प्रमूख डम्बर ढकालले भने, हामीलाई बिना जानकारी क्याम्पस प्रमूखले पुस्तक खरिद गर्नु भएछ। मलाई सबै पुस्तकहरु दर्ता गर्न निकै प्रेसर दिनुभयो। मैले पुस्तकालयमा आएका सबै पुस्तकहरु केलाउदा २ लाख ५९ हजार ३ सय ८४ रुपैयाका पुस्तकहरु प्रयोग हुने पुस्तक भएकाले दर्ता गरे। बाँकी १ लाख ९९ हजार २ सय ७७ रुपैया बराबरका उपयोग नहुने पुस्तकहरु फिर्ता गर्ने भनेर लेखि पठाँए। जस कारण ममाथि नै विभिन्न तवरले धम्की दिनुभयो। यो विषय मैले त्रिभुवन विश्वविद्यालयको केन्द्रीय प्रशासन शाखा र रजिस्टारको कार्यलयमा जानकारी समेत गराएको छु। यता क्याम्पस बाँकी पृष्ठ २

# कर्णालीको समृद्धिका लागि साझा प्रतिबद्धता आवश्यक : प्रदेश प्रमुख जोशी

❒ कांक्रेविहार संवाददाता
सुर्खेत, ४ भदौ




कर्णाली प्रदेशका प्रमुख यज्ञराज जोशीले प्रदेशको विकास र समृद्धिका लागि राजनीतिक दल, सरकार र सरोकारवाला सबै पक्षबीच साझा प्रतिबद्धता र सहकार्य आवश्यक रहेको धारणा राखेका छन्।

वीरेन्द्रनगरमा आयोजित 'प्रदेश स्थापना तथा सहिद दिवस २०८३' को मूल समारोहलाई सम्बोधन गर्दै प्रदेश प्रमुख जोशीले साझा सोच र प्रयासबिना कर्णालीको समृद्धि सम्भव नहुने उल्लेख गरे। प्रदेश सरकारले सुशासन, पारदर्शिता र जवाफदेहितालाई प्राथमिकतामा राख्नुपर्ने उनको भनाइ थियो।

भ्रष्टाचारमा शून्य सहनशीलताको नीति व्यवहारमै कार्यान्वयन गर्न सरकार सक्षम हुनुपर्नेमा जोड दिँदै उनले कर्णालीको विकास र उन्नतिका लागि सबै राजनीतिक दलले जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औँल्याए।

मनसुनजन्य विपद्को जोखिम अझै कायम रहेकाले जाजरकोटका प्रभावित नागरिकसम्म राज्यको उपस्थिति अनुभूति हुने गरी काम गर्नुपर्नेमा पनि उनले जोड दिए। विपद् प्रभावितको घरदैलोमै पुगेर राहत तथा पुनःस्थापनाका काम अघि बढाउन सर्वपक्षीय संयन्त्र आवश्यक रहेको उनको भनाइ थियो।

कर्णालीलाई गरिबी र पछौटेपनको दृष्टिकोणबाट मात्रै हेर्नु गलत भएको उल्लेख गर्दै प्रदेश प्रमुख जोशीले यहाँ रहेका प्राकृतिक स्रोत र सम्भावनाको सदुपयोग गर्नुपर्ने धारणा राखे। दैलेखको ग्यासजस्ता राष्ट्रिय महत्वका आयोजनाको काम लामो समयदेखि रोकिएकोप्रति पनि उनले चिन्ता व्यक्त गरे।

समारोहमा मुख्यमन्त्री मंगलबहादुर शाहीले कर्णालीवासीको त्याग, संघर्ष र बलिदानबाट स्थापना भएको प्रदेशको विकासले मुलुककै बाँकी पृष्ठ २

# गभर्नरको पाँच वर्षे कार्यकाल घट्दै, तीन वर्ष कायम गर्ने अर्थ समितिको सहमति

❒ कांक्रेविहार संवाददाता
काठमाडौं, ४ भदौ



नेपाल राष्ट्र बैंकका गभर्नर र सञ्चालक समितिका सदस्यको कार्यकाल पाँच वर्षबाट घटाएर तीन वर्ष कायम गर्ने सहमति भएको छ।

सिंहदरबारमा बिहीबार बसेकोप्रतिनिधिसभाअन्तर्गतको अर्थ समिति बैठकमा नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयक माथिको दफावार छलफलका क्रममा गभर्नर र सञ्चालकको कार्यकाल तीन वर्षमा सीमित गर्ने सहमति भएको हो।

समिति सभापति कृष्णहरि बुढाथोकीका अनुसार राष्ट्र बैंकका गभर्नर र सञ्चालक समितिका सदस्यको हालको पाँच वर्षे कार्यकाललाई तीन वर्षमा सीमित गर्ने सहमति भएको हो।

सरकारको आर्थिक नीति तथा योजना र मौद्रिक क्षेत्रबीच सामञ्जस्यता कायम गर्ने उद्देश्यले कार्यसम्पादनका आधारमा पदावधि थप गर्न सकिने व्यवस्थाबारे समेत समितिमा छलफल भएको सभापति बुढाथोकीले जानकारी दिए।

यस्तै, डेपुटी गभर्नर र सञ्चालकको प्रारम्भिक पदावधि तीन वर्षको हुने व्यवस्था कायम गर्ने निर्णय भएको छ। कार्यसम्पादन मूल्याङ्कन गर्दा सन्तोषजनक देखिएमा नेपाल सरकारले थप दुई वर्ष पदावधि थप गर्नसक्ने व्यवस्था विधेयकको दफा १८ को उपदफा (१) र (२) मा राख्ने निर्णय भएको सभापति बुढाथोकीले बताए। उनका अनुसार राष्ट्र बैंक ऐन संशोधनसम्बन्धी विधेयकमाथि समितिमा शुक्रबार पनि दफावार छलफल जारी रहनेछ।

# सम्पादकीय

## खानेपानीको संकटमाथि थपिएको अन्योल

वीरेन्द्रनगर उपत्यकाको बढ्दो खानेपानी संकट समाधान गर्ने उद्देश्यले अघि बढाइएको भेरी पम्पिङ खानेपानी आयोजना फेरि अन्योलमा परेको छ । आर्थिक प्रस्ताव खोल्ने चरणमा पुगिसकेको प्याकेज–२ को बोलपत्र प्रक्रिया रद्द गरेर पुनः नयाँ बोलपत्र आह्वान गर्नुपर्ने अवस्था आउनु आयोजना र उपभोक्ताका लागि गम्भीर विषय हो । विश्व बैंकको निर्देशनपछि विद्युतीय सरकारी खरिद प्रणालीको विश्वसनीयतासम्बन्धी प्रश्न उठाउँदै पुरानो प्रक्रिया रद्द गरिएको बताइएको छ। तर करिब १ सय ९८ दिन लगाएर प्राविधिक मूल्यांकन पूरा गरी आर्थिक प्रस्ताव खोल्ने अवस्थामा पुगेको प्रक्रिया एकाएक रद्द हुँदा आयोजनाको समय र कार्यान्वयनमा असर पर्ने निश्चित देखिन्छ । नयाँ प्रक्रिया पूरा गर्न कम्तीमा पाँचदेखि छ महिना लाग्ने आयोजना कार्यालयको भनाइ छ । उपभोक्ता संस्थाले भने पुनः सुरूदेखि प्रक्रिया अघि बढाउँदा कम्तीमा थप एक वर्ष समय लाग्न सक्ने चिन्ता व्यक्त गरेको छ ।

यहाँ प्रश्न विश्व बैंकको निर्देशन मान्ने कि नमान्ने भन्ने मात्र होइन । सार्वजनिक खरिद प्रक्रियामा समस्या देखिएको भए त्यसको कानुनी र प्राविधिक समाधान खोज्दै आयोजना कसरी समयमै अघि बढाउने भन्ने हो । आर्थिक प्रस्ताव खोल्ने अन्तिम चरणमा पुगेको प्रक्रिया रद्द गर्नुअघि सम्बन्धित सबै पक्षबीच पर्याप्त छलफल, कानुनी परीक्षण र वैकल्पिक उपाय खोजिनुपर्ने उपभोक्ता संस्थाको मागलाई पनि गम्भीरतापूर्वक लिन आवश्यक छ । वीरेन्द्रनगरमा ३८ हजारभन्दा बढी घरधुरी रहे पनि करिब २० हजार ३ सय ५० घरधुरीमा मात्रै धारा जडान भएको छ। धारा जडान भएका घरधुरीकै मागअनुसार दैनिक ३ सय ७४ लिटर प्रतिसेकेन्ड पानी आवश्यक पर्नेमा हाल करिब ५२ लिटर प्रतिसेकेन्ड मात्रै आपूर्ति भइरहेको तथ्यले संकटको गम्भीरता देखाउँछ ।

त्यसैले भेरी पम्पिङ आयोजना कुनै सामान्य पूर्वाधार परियोजना होइन, वीरेन्द्रनगरको भविष्यसँग जोडिएको आधार भूत आवश्यकता हो । पहिलो प्याकेजको काम अघि बढिरहेको अवस्थामा दोस्रो प्याकेजको प्रक्रिया लम्बिँदा समग्र आयोजना नै पछाडि धकेलिने जोखिम छ । विश्व बैंक, नेपाल सरकार, आयोजना कार्यालय, नगरपालिका र उपभोक्ता संस्थाबीचको समन्वयबाट कानुनी रूपमा सुरक्षित, पारदर्शी र छिटो समाधान खोजिनुपर्छ । प्रक्रिया सच्याउनुपर्ने भए सच्याउने, कमजोरी भए सुधार्ने र आवश्यक परे वैकल्पिक कानुनी बाटो पहिल्याउने काम ढिला गर्नु हुँदैन । वीरेन्द्रनगरवासीले वर्षौंदेखि भोग्दै आएको खानेपानी संकटलाई थप लम्ब्याउने छुट कुनै निकायलाई छैन ।

# नेपालमा राजनीतिक दलहरूको पुनःगठन किन पेचिलो मुद्दा बनिरहेको छ?



✍ उपेन्द्र विश्वकर्मा

नेपालमा राजनीतिक दलहरूको पुनःगठनको बहस आज केवल दलभित्रको आन्तरिक व्यवस्थापनको विषयमा सीमित छैन । यो लोकतन्त्रको भविष्य, राज्यको कार्यक्षमता र जनताले राजनीतिप्रति राख्ने विश्वाससँग प्रत्यक्ष रूपमा जोडिएको विषय हो । लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलहरूलाई शासन गर्ने संयन्त्र मात्र मानिँदैन; उनीहरू समाजका विविध आवाजलाई नीति र कार्यक्रममार्फत राज्यसम्म पुर्‍याउने माध्यम पनि हुन् । त्यसैले दलहरू जति लोकतान्त्रिक, पारदर्शी र उत्तरदायी हुन्छन्, लोकतन्त्र पनि त्यति नै बलियो बन्छ । तर पछिल्ला केही वर्षको नेपाली राजनीतिक अभ्यासले भने फरक संकेत गरेको छ । जनताले राजनीतिक परिवर्तन त देखे, तर शासनको गुणस्तरमा अपेक्षाअनुसार सुधार भएको अनुभूति गर्न सकेनन् । यही कारण दलहरूप्रति विश्वास विस्तारै कमजोर हुँदै गएको देखिन्छ ।

विश्वास घट्नुका पछाडि एउटा मात्र कारण छैन । दलभित्र बढ्दो गुटबन्दी, व्यक्तिकेन्द्रित नेतृत्व, अवसरवाद, घोषणापत्र र व्यवहारबीचको ठूलो अन्तर, भ्रष्टाचारसम्बन्धी आरोप, सार्वजनिक उत्तरदायित्वको कमी तथा जनजीविकाका विषयभन्दा सत्ता समीकरणलाई प्राथमिकता दिने राजनीतिक संस्कृतिले नागरिकलाई निराश बनाएको छ । अझ अहिलेको शिक्षित युवा पुस्ताले राजनीतिलाई पहिलेजस्तो आशाको क्षेत्रभन्दा पनि आलोचनाको विषयका रूपमा हेर्न थालेको देखिन्छ । सामाजिक सञ्जालको विस्तारसँगै राजनीतिक निर्णयहरू तत्काल सार्वजनिक बहसको विषय बन्न थालेका छन् । यसले दलहरूलाई अझ जिम्मेवार बन्नुपर्ने दबाब सिर्जना गरेको छ । त्यसैले पुनःगठनको आवश्यकता अब कुनै वैकल्पिक विकल्प होइन, समयको माग बनेको छ ।

तर पुनःगठन भनेको केवल नेतृत्व परिवर्तन गर्नु वा नयाँ पदाधिकारी चयन गर्नु मात्र होइन । त्यो त बाहिरी पक्ष हो । वास्तविक पुनःगठन भनेको दलको सोच, संगठन, कार्यशैली, निर्णय प्रक्रिया, राजनीतिक संस्कार र जनतासँगको सम्बन्धलाई नयाँ युगको आवश्यकताअनुसार पुनःव्यवस्थित गर्नु हो । संगठनको आकार ठूलो हुँदैमा दल बलियो हुँदैन । दल त्यतिबेला बलियो हुन्छ, जब त्यसभित्र विचारको खुलापन, निर्णय प्रक्रियामा सहभागिता, नेतृत्वमा स्वस्थ प्रतिस्पर्धा र कार्यकर्ताप्रति सम्मानको वातावरण हुन्छ । दुर्भाग्यवश, नेपालका धेरै दलमा अझै पनि निर्णय सीमित घेराभित्र हुने, फरक मतलाई सहज रूपमा स्वीकार नगर्ने र नेतृत्व विकासभन्दा नेतृत्व संरक्षणलाई बढी प्राथमिकता दिने प्रवृत्ति देखिन्छ । यस्तो संस्कृतिले संगठनलाई विस्तार त गर्छ, तर गतिशील बनाउँदैन ।

आज सबैभन्दा बढी उठ्ने प्रश्न नेतृत्वको पुस्तान्तरणसँग सम्बन्धित छ । कुनै पनि दलको इतिहास निर्माणमा पुरानो पुस्ताको योगदान अमूल्य हुन्छ। त्यसलाई अस्वीकार गर्न मिल्दैन । तर राजनीति स्मृतिमा मात्र टिकेर अगाडि बढ्दैन । प्रत्येक पुस्ताले आफ्नो समयका चुनौतीसँग जुध्न नयाँ सोच, नयाँ दृष्टि र नयाँ शैली पनि ल्याउनुपर्छ । नेपालका लाखौं युवा आज उच्च शिक्षा हासिल गरिरहेका छन्, विश्वका नयाँ राजनीतिक अभ्यासबारे जानकार छन् र सार्वजनिक जीवनमा योगदान गर्न चाहन्छन् । तर उनीहरूलाई नेतृत्वको दोस्रो वा तेस्रो तहभन्दा माथि पुग्ने अवसर सीमित देखिन्छ । यही कारण धेरै युवामा राजनीतिक दलप्रति आकर्षणभन्दा दूरी बढिरहेको छ । यदि दलहरूले समयमै युवालाई जिम्मेवारी, विश्वास र नेतृत्वको अवसर दिन सकेनन् भने भविष्यमा संगठनभित्र ऊर्जाको अभाव देखिन सक्छ ।

पुनःगठनको अर्को आधार आन्तरिक लोकतन्त्र हो । लोकतन्त्रको वकालत गर्ने दल आफैँभित्र लोकतान्त्रिक अभ्यास कमजोर भयो भने त्यसले समाजलाई राम्रो उदाहरण दिन सक्दैन । महाधिवेशन समयमै हुनु, नेतृत्व चयन निष्पक्ष हुनु, नीति निर्माणमा व्यापक छलफल हुनु र फरक मतलाई पनि संगठनको शक्ति मान्ने संस्कार विकास हुनु आवश्यक छ । लोकतन्त्रको सुन्दरता सबैको मत एउटै हुनुमा होइन, फरक मतलाई पनि सम्मानपूर्वक व्यवस्थापन गर्न सक्नुमा हुन्छ । यही अभ्यास दलभित्र बलियो भयो भने संगठन पनि दीर्घकालसम्म सशक्त रहन्छ ।

त्यसैगरी, विचारधारालाई पनि समयअनुकूल व्याख्या गर्नुपर्ने आवश्यकता छ । कुनै पनि दलको विचारधारा स्थिर आधार हुन सक्छ, तर त्यसको प्रयोग भने बदलिँदो समाजअनुसार हुनुपर्छ । आजका नागरिकका प्राथमिकता विगतका जस्ता छैनन् । रोजगारी, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, डिजिटल अर्थतन्त्र, जलवायु परिवर्तन, कृत्रिम बुद्धिमत्ता, सुशासन र आर्थिक अवसरका विषयहरू अहिलेका प्रमुख राजनीतिक मुद्दा बनेका छन् । यदि दलहरू अझै पुरानै भाषाशैली र नारामा सीमित रहे भने नयाँ पुस्तासँग उनीहरूको संवाद क्रमशः कमजोर हुँदै जान सक्छ । त्यसैले विचारधाराको मूल मर्म जोगाउँदै नीतिलाई समयसँग जोड्नु आजको आवश्यकता हो ।

संघीय व्यवस्थाले पनि दलहरूलाई नयाँ ढंगले सोच्न बाध्य बनाएको छ । संविधानले अधिकारको विकेन्द्रीकरण गरेको छ, तर धेरै दलको संगठनात्मक व्यवहार अझै केन्द्रीकृत छ । स्थानीय तहका नेता र कार्यकर्ताले आफ्नै क्षेत्रका समस्या राम्रोसँग बुझ्छन् । उनीहरूलाई नीति निर्माण र निर्णय प्रक्रियामा वास्तविक भूमिका दिन सकियो भने संगठनको प्रभावकारिता पनि बढ्छ र संघीय शासनको मर्म पनि व्यवहारमा स्थापित हुन्छ । पुनःगठनको एउटा उद्देश्य यही हुनुपर्छ कि निर्णय माथिबाट तल होइन, तलबाट माथि जाने संस्कृतिको विकास होस् ।

समावेशिता पनि पुनःगठनको अपरिहार्य पक्ष हो । महिलाहरू, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, युवा र अन्य समुदायलाई केवल सूचीमा नाम राखेर समावेशी भएको दाबी गर्न सकिँदैन । उनीहरूलाई निर्णय गर्ने ठाउँमा पुर्‍याउन सकिए मात्र समावेशिताले सार्थकता पाउँछ । लोकतन्त्र प्रतिनिधित्वको मात्र होइन, सहभागिताको पनि प्रणाली हो ।

यसैबीच, जनतासँगको सम्बन्धलाई पनि नयाँ ढंगले परिभाषित गर्नुपर्ने अवस्था आएको छ । अब चुनावको बेला मात्र मतदाता खोज्ने राजनीति धेरै समय टिक्न सक्दैन । नागरिक अहिले धेरै सचेत छन् । उनीहरू वाचा होइन, परिणाम हेर्छन् । त्यसैले राजनीतिक दलले निरन्तर संवाद गर्ने, आफ्ना निर्णयबारे सार्वजनिक रूपमा जवाफ दिने र जनताका गुनासालाई संस्थागत रूपमा सम्बोधन गर्ने संस्कार विकास गर्नुपर्छ । विश्वास कमाउन वर्षौं लाग्छ, तर गुमाउन केही क्षण नै पर्याप्त हुन्छ भन्ने यथार्थलाई दलहरूले बुझ्नैपर्छ ।

अन्ततः नेपालको लोकतन्त्रको भविष्य राजनीतिक दलहरूको गुणस्तरमा निर्भर छ । दलहरू बलिया भए लोकतान्त्रिक संस्था बलिया हुन्छन्; दलहरू कमजोर भए लोकतन्त्र पनि कमजोर हुन्छ । त्यसैले पुनःगठनलाई कसैको पद खोस्ने वा कसैलाई पद दिने प्रक्रियाका रूपमा होइन, लोकतन्त्रलाई थप परिपक्व, उत्तरदायी र जनमुखी बनाउने दीर्घकालीन अभियानका रूपमा बुझ्न आवश्यक छ । समयको मागअनुसार आफूलाई बदल्न सक्ने दलहरू नै भविष्यमा जनताको विश्वास जित्न सफल हुनेछन् । परिवर्तनलाई रोक्न सकिँदैन, तर त्यसलाई सही दिशामा नेतृत्व गर्न सकिन्छ । नेपाली राजनीतिक दलहरूले अब यही यथार्थलाई आत्मसात् गर्दै पुनःगठनलाई बाध्यता होइन, भविष्य निर्माणको अवसरका रूपमा लिन सके मात्र लोकतन्त्रप्रतिको नागरिक विश्वास पुनः मजबुत बन्नेछ ।

*(अन्तर्राष्ट्रिय सम्वन्ध र कूटनीति विभागमा कार्यरत लेखक मध्यपश्चिम विश्वविद्यालय स्कुल अफ ल का पूर्व निर्देशक हुन् ।)*

## प्रक्रिया...

प्रमूख खनालले भने, क्याम्पसमा कानुन संकालय नयाँ कार्यक्रम भएकाले बिद्यार्थीहरुको सहजताका लागि सिधै पुस्तक खरिद गरिएको बताए । उनले भने, विवाद केही होईन् मलाई सबै कुरा थाहा पनि हुँदैन् । आवश्यक पुस्तक राख्ने र बाँकी फिर्ता गर्ने भनेर पनि सल्लाह भईसकेको छ ।

क्याम्पसका सहायक प्रमुख प्रेम थापाले पुस्तक खरिद क्याम्पस प्रशासनभित्रको सल्लाहमै भएको, तर पुस्तकालयमा दर्ता गर्ने क्रममा केही पुस्तक उपयोगी नभएको विषयमा विवाद उत्पन्न भएको बताए । क्याम्पसमा शैक्षिक सत्र ०८२/०८३ देखि तीनवर्षे स्नातक तहको एलएलबी कार्यक्रम सञ्चालन भएको र आन्तरिक स्रोतबाट ३ सय जना विद्यार्थीलाई पठनपाठन गराउने स्वीकृति प्राप्त भएको छ । त्यसअनुसार विद्यार्थीहरूको प्रथम वर्षको पठनपाठनका लागि कानून विषयका पाठ्यपुस्तक, सन्दर्भ सामग्री तथा अनुसन्धानात्मक पुस्तक खरिद गरिएको हो ।

क्याम्पसका लेखा प्रमूख धर्मराज शाहीले क्याम्पस प्रमूखले खरिद गरेका पुस्तकहरु पुस्तकालयमा दर्ता नभएपछि आफुले भुक्तानी पनि रोकेको बताए । उनले भने, सधै जसो क्याम्पसमा यसरी नै पुस्तक खदिर हुने गरेका छन् । पहिले पुस्तक खरिद गरेर पछि प्रक्रिया पुगाईन्थ्यो । अहिले क्याम्पस प्रमूख र पुस्तकालय प्रमूखको जुगाको लडाईले विवाद बाहिर आएको हो । कतिपय अवस्थामा पुस्तक खरिद गर्दा समय अभावले सिधै खरिद गर्ने अवस्था आउछ ।

पुस्तकालय प्रमुखले पुस्तक दर्ता गर्न अस्वीकार गरेर कुन-कुन पुस्तक कुन कारणले दर्ता नगरेका हुन् भन्ने लिखित आधार समेत लेखेर पेश गरेका छन् । त्यसै अनुसार अब भुक्तानी हुन्छ ।

खासमा सुरुमा पुस्तक बिक्रेताले क्याम्पसमा सूचि दर्ता गराउने, दर रेट पनि उपलब्ध गराउने, पुस्तक खरिदका लागि ३५ दिने सूचना निकाल्नुपर्ने हो । खिरद प्रक्रिया ३५ दिने सूचना निकाल्ने र उपलब्ध कोटेशनका आधारमा जसले कम मुल्यमा दिन्छ उसैबाट खदिर गर्नुपर्ने थियो । यसरी विगतमा पनि भएन् ।

## कर्णालीको...

रूपान्तरणमा योगदान पुर्‍याउने विश्वास व्यक्त गरे । संघीयता कार्यान्वयनका क्रममा कर्णालीले आफ्नै बलबुतामा पहिचान र अस्तित्व स्थापित गरेको उनको भनाइ थियो ।

सभामुख नन्दा गुरुङले संविधान, संघीयता र समावेशी व्यवस्थाले कर्णालीजस्ता ऐतिहासिक रूपमा उपेक्षित भूगोललाई राजनीतिक न्याय दिएको उल्लेख गर्दै प्रदेशको विकासका लागि संघीय सरकारको विशेष भूमिका आवश्यक रहेको धारणा राखिन । निवर्तमान मुख्यमन्त्री यामलाल कँडेलले कर्णालीको विकासबिना मुलुकको समृद्धि अधुरो रहने उल्लेख गर्दै प्रदेश सरकार, राजनीतिक दल, सरोकारवाला निकाय र संघीय सरकारबीच समन्वय र सहकार्य आवश्यक रहेको औँल्याए । कर्णालीका स्रोत-साधनको अधिकतम उपयोग गर्ने क्षमता सरकारले विकास गर्नुपर्ने उनको धारणा थियो । समारोहमा सामाजिक विकासमन्त्री जीतबहादुर मल्लले सहिदहरूको सपना र योगदानलाई मार्गदर्शन बनाएर प्रदेश सरकार अघि बढ्ने प्रतिबद्धता जनाए । कार्यक्रममा आर्थिक मामिलामन्त्री टेकराज पछाई, जलस्रोत तथा ऊर्जा विकासमन्त्री कलबहादुर हमाल, प्रदेशसभा सदस्य, न्यायाधीश, प्रदेश सरकारका प्रमुख सचिव, सुरक्षा निकायका प्रमुख, सहिद परिवार, कर्मचारी तथा सञ्चारकर्मीको सहभागिता थियो ।

## विपद्मा...

ग्रामीण सडक अवरुद्ध हुने समस्या नियमितजस्तै बनेको छ । प्रदेश सरकारले भने वर्षायाममा कर्णाली राजमार्ग, सहायक मार्ग तथा स्थानीय सडक खुला राख्न २४ घण्टा डोजर परिचालन गर्ने र विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहत सामग्री पुर्‍याउने व्यवस्था मिलाइएको जनाएको छ । मुख्यमन्त्री मंगलबहादुर शाहीका अनुसार प्रभावित क्षेत्रमा आवश्यक उद्धार तथा राहतलाई प्राथमिकता दिइएको छ ।

तर विपद् आएपछि उद्धार र राहतमा मात्रै केन्द्रित हुने सरकारी शैलीले दीर्घकालीन समाधान दिन नसक्ने देखिन्छ । वर्षेनी पहिरो जाने, बाढी आउने र जोखिममा पर्ने बस्तीको पहिचान हुँदाहुँदै पनि सुरक्षित स्थानमा स्थानान्तरण गर्न नसक्नु ठूलो कमजोरी हो । कर्णालीका नौ हिमाली तथा पहाडी जिल्ला जाजरकोट, कालिकोट, जुम्ला, मुगु, डोल्पा, हुम्ला, दैलेख, रुकुम पश्चिम र सल्यान पहिरोको उच्च जोखिममा छन् भने भित्री मधेसमा पर्ने सुर्खेत बाढीको जोखिममा छ । यस्तो अवस्थामा विपद् व्यवस्थापनलाई राहत वितरणमा सीमित राख्नुको साटो जोखिम न्यूनीकरणमा केन्द्रित गर्न आवश्यक छ ।

सरकारले जोखिमयुक्त बस्तीको भौगर्भिक अध्ययन, सुरक्षित पुनर्वास, व्यवस्थित सडक निर्माण, नदी तथा वन संरक्षण र प्रभावकारी पूर्वसूचना प्रणालीलाई प्राथमिकतामा र ाख्नुपर्छ । विपद् आउनुअघि नै सम्भावित जोखिम पहिचान गरी नागरिकलाई सचेत गराउने र सुरक्षित स्थानमा सार्ने व्यवस्था प्रभावकारी बनाउन सके मानवीय तथा भौतिक क्षति उल्लेख्य रूपमा घटाउन सकिन्छ । कर्णालीमा विपद् पूर्वतयारीका योजना र दस्तावेजको कमी छैन ।

समस्या तिनको प्रभावकारी कार्यान्वयनमा देखिन्छ । त्यसैले उद्धार र राहतमा मात्रै राज्यको ध्यान केन्द्रित गर्ने पुरानो शैली परिवर्तन गर्दै विपद् रोकथाम, जोखिम न्यूनीकरण, पूर्वसूचना र सुरक्षित पुनर्वासलाई विकास नीतिको अभिन्न अंग बनाउन आवश्यक छ । अन्यथा कर्णालीले हरेक वर्ष विपद्को सामना गर्ने, नागरिकले ज्यान गुमाउने र राज्यले राहत बाँड्ने चक्र दोहोरिरहनेछ ।

# महिला किसानलाई फलफूल बगैँचा व्यवस्थापनसम्बन्धी तालिम सम्पन्न

कांक्रेविहार संवाददाता
दैलेख, ४ भदौ

दैलेखको दुल्लु नगरपालिकामा महिला किसानको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले दुईदिने फलफूल बगैँचा व्यवस्थापनसम्बन्धी तालिम सम्पन्न भएको छ। फलफूल खेतीलाई व्यवस्थित, उत्पादनमुखी र व्यावसायिक बनाउन किसानलाई आवश्यक प्राविधिक ज्ञान तथा सीप प्रदान गर्ने उद्देश्यले तालिम आयोजना गरिएको हो।

नेपाल सरकार, युरोपेली संघ तथा संयुक्त राष्ट्रसंघका एजेन्सीहरूको संयुक्त पहलमा सञ्चालित 'सशक्त महिला, समृद्ध नेपाल (भ्एल)' कार्यक्रमअन्तर्गत अन्तर्राष्ट्रिय श्रम संगठन (क्षिइ) को पहल तथा सेवक नेपालको कार्यान्वयन साझेदारीमा तालिम सञ्चालन गरिएको हो। तालिममा नवजागरण फलफूल तथा ताजा तरकारी कृषि समूह र रानीवन तोरया अर्गानिक कृषि सहकारीमा आबद्ध २१ जना महिला किसानको सहभागिता रहेको थियो। सहभागी किसानलाई फलफूल बगैँचा



व्यवस्थापनदेखि उत्पादन वृद्धि र रोग तथा कीरा नियन्त्रणसम्मका विषयमा व्यावहारिक तथा सैद्धान्तिक जानकारी दिइएको थियो।

तालिममा सुन्तला खेती व्यवस्थापन, बगैँचा सरसफाइ, बिरुवाको उचित दूरी, मलखाद व्यवस्थापन, सिँचाइ, छाँटकाँट, रोग तथा कीरा पहिचान र नियन्त्रणका उपाय लगायतका विषयमा प्रशिक्षण दिइएको थियो। यस्तै, फलफूलको गुणस्तर कायम राख्ने, उत्पादन लागत घटाउने तथा व्यावसायिक रूपमा खेती विस्तार गर्ने विषयमा समेत छलफल गरिएको थियो। तालिममा सहभागी दिलमाया केसीले सुन्तला खेतीमा लाग्ने विभिन्न रोगका कारण फलफूलमा असर पर्ने गरेको बताउँदै तालिमबाट रोगको पहिचान र नियन्त्रणका उपायबारे जानकारी लिने अवसर मिलेको बताइन्। 'सुन्तलामा लाग्ने रोगका कारण उत्पादनमा समस्या हुने गरेको थियो। तालिममा रोग कसरी पहिचान गर्ने र त्यसको व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा जानकारी पाइयो,' उनले भनिन्। सुन्तला खेतीमा विभिन्न रोग तथा किराको समस्या देखिने गरेको अवस्थामा तालिमबाट त्यसको पहिचान र व्यवस्थापनका उपायबारे जानकारी पाउँदा किसानलाई थप सहज भएको सहभागीले बताएका छन्। तालिमको सहजीकरण दुल्लु नगरपालिकाका कृषि शाखा प्रमुख प्रकाशकुमार खड्काले गरेका थिए। कार्यक्रममा सेवक नेपाल तथा अन्तर्राष्ट्रिय श्रम संगठन (क्षिइ) का प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो। यस्तै, नारायण नगरपालिका-४, रतापानीस्थित फागुनेहरियाली किसान समूहका महिला किसानका लागि व्यवसायिक स्वास्थ्य सुरक्षा (इक्र) सम्बन्धी दुईदिने तालिम सम्पन्न भएको छ।

तालिममा महिला किसानले कृषि कार्यका क्रममा अपनाउनुपर्ने स्वास्थ्य तथा सुरक्षाका उपाय, कार्यस्थलमा हुन सक्ने जोखिमको पहिचान, जोखिम न्यूनीकरणका उपाय, व्यक्तिगत सुरक्षा सामग्रीको प्रयोग, सुरक्षित कृषि औजारको प्रयोग तथा स्वास्थ्य सुरक्षाका विषयमा जानकारी प्राप्त गरेका थिए।

कृषि क्षेत्रमा काम गर्ने क्रममा चोटपटक, विषादीको प्रयोगबाट हुन सक्ने स्वास्थ्य जोखिम, भारी सामान उठाउँदा अपनाउनुपर्ने सावधानी तथा काम गर्ने स्थानको सुरक्षित व्यवस्थापनलगायतका विषयमा समेत प्रशिक्षण दिइएको थियो।

तालिमको सहजीकरण नारायण नगरपालिकाका सामाजिक विकास शाखा प्रमुख खमबहादुर थापाले गरेका थिए।

# जाजरकोटमा पहिरो प्रभावित क्षेत्रको भूगर्भीय अध्ययन सुरू



कांक्रेविहार संवाददाता
जाजरकोट, ४ भदौ

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण नौ एनडिआरआरएमएको भूगर्भविद्सहितको टोलीले जाजरकोटमा पहिरो प्रभावित तथा जोखिमयुक्त क्षेत्रको स्थलगत अध्ययन सुरु गरेको छ।

टोलीले भेरी नगरपालिका दुई रिसाङसहित आसपासका क्षेत्रमा पुगेर पहिरोबाट भएको क्षति, थप जोखिम र प्रभावित नागरिकको अवस्थाबारे अध्ययन गरिरहेको हो।

जाजरकोटका प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीका अनुसार प्रभावित क्षेत्रको वास्तविक अवस्था बुझ्न तथा नागरिकको तत्कालीन सुरक्षा र बसोबासको अवस्था पहिचान गर्न विज्ञ टोली रिसाङ पुगेको हो।

टोलीले स्थानीयवासीसँग भेटघाट गरी उनीहरूले भोगिरहेका समस्या र आवश्यकताबारे समेत जानकारी लिएको छ।

टोलीमा जियोलोजिस्ट डा. प्रकाश पोखेल, लेखराज भट्ट, शाखा अधिकृत निरञ्जनप्रकाश निरौला, इन्जिनियर जगदीश विष्ट र मौसमविद् राजन लामिछानेलगायत विज्ञ तथा प्राविधिक सहभागी छन्।

टोलीले भेरी नगरपालिका एक देखी चारका विभिन्न पहिरो प्रभावित तथा जोखिमयुक्त क्षेत्रमा स्थलगत निरीक्षण गर्नेछ। अध्ययनपछि दुई दिनभित्र प्रारम्भिक प्रतिवेदन तयार गर्ने तयारी गरिएको प्राधिकरणका उपसचिव सुरेश सुनारले जानकारी दिए।

प्रतिनिधिसभा सदस्य खड्कबहादुर बुढाले समेत सुरक्षा निकायका प्रतिनिधिसहित प्रभावित क्षेत्रको निरीक्षण गरी स्थानीयवासीसँग भेटघाट गरेका छन्। उनले प्रभावित नागरिकको तत्कालीन सुरक्षा र दीर्घकालीन पुनर्स्थापनालाई प्राथमिकता दिनुपर्ने बताए।

भूगर्भविद्को अध्ययनका आधारमा मात्रै जोखिमयुक्त बस्ती स्थानान्तरण वा पुनर्स्थापनाबारे निर्णय गर्नुपर्ने उनको भनाइ छ।

प्रमुख जिल्ला अधिकारी अधिकारीले पनि विज्ञ टोलीको प्रतिवेदन प्राप्त भएपछि बस्ती स्थानान्तरण गर्ने वा हालकै स्थानमा सुरक्षित बसोबासको व्यवस्था गर्ने विषयमा निर्णय लिइने बताए। तत्काल अस्थायी बसोबास आवश्यक परे सुरक्षित स्थान पहिचान गर्न पनि विज्ञको सुझाव लिइने जनाइएको छ।

# सुत्केरी हुन नसकेकी महिलाको हेलिकप्टरबाट उद्धार



कांक्रेविहार संवाददाता
कालीकोट, ४ भदौ

जिल्लाको सान्नीत्रिवेणी गाउँपालिका सात कीर्तिपुरकी बिनिता प्याकुरेललाई सुत्केरी हुन नसकेपछि हेलिकप्टरमार्फत उद्धार गरी सुर्खेत पठाइएको छ।

प्रसवका क्रममा स्वास्थ्य समस्या देखिएपछि रास्कोट अस्पतालबाट थप उपचारका लागि उनलाई सुर्खेत पठाइएको हो।

नहकुल सिंखडाकी श्रीमती प्याकुरेललाई बच्चा जन्माउन समस्या भएपछि चिकित्सकको सिफारिसमा हवाई उद्धार गरिएको जिल्ला प्रशासन कार्यालय कालीकोटले जनाएको छ।

दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलालाई समयमै उपचारको पहुँचमा पुऱ्याउन सरकारले राष्ट्रपति महिला उत्थान कार्यक्रममार्फत निःशुल्क हवाई उद्धार सेवा सञ्चालन गर्दै आएको छ।

कालीकोट पनि उक्त कार्यक्रम लागू भएका जिल्लामध्ये एक हो। हवाई उद्धारका लागि स्थानीय स्वास्थ्य संस्था वा अस्पतालको सिफारिस, स्थानीय तहको सिफारिस तथा प्रमुख जिल्ला अधिकारीको सिफारिस आवश्यक पर्ने व्यवस्था छ।

सम्बन्धित निकायबाट सिफारिस प्राप्त भएपछि जिल्ला प्रशासन कार्यालयले गृह मन्त्रालयमा पत्राचार गर्ने र त्यसपछि हेलिकप्टरको व्यवस्था हुने गरेको जिल्ला प्रशासन कार्यालयका कर्मचारी उज्ज्वलबहादुर शाहीले जानकारी दिए।

राष्ट्रपति महिला उत्थान कार्यक्रम इकाइले दुर्गम क्षेत्रका जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको उद्धारका लागि सम्बन्धित निकायसँग समन्वय गर्दै आएको छ। उद्धारका लागि सहयोग र समन्वय गर्ने व्यक्ति तथा निकायप्रति प्याकुरेलका परिवारले धन्यवाद व्यक्त गरेका छन्।

# जीर्ण भवनले पठनपाठनमा प्रभावित

कांक्रेविहार संवाददाता
जुम्ला, ४ भदौ

तिला गाउँपालिका छ सुँडि गाउँस्थित देव लक्ष्मी आधारभूत विद्यालयको भवन जीर्ण भएपछि पठनपाठन प्रभावित भएको छ।

वर्षाका कारण विद्यालयको दुईकोठे भवनको पछाडिको पूरै पर्खाल भत्किएपछि विद्यार्थीलाई अन्य स्थानमा सारेर पढाउनुपर्ने अवस्था आएको हो।

विद्यालयका प्रधानाध्यापक जोगबहादुर बस्नेतका अनुसार लगातारको वर्षाका कारण भवनको पछाडिको पर्खाल कमजोर हुँदै गएपछि भत्किएको हो।

पर्खाल भत्किएपछि कक्षाकोठा व्यवस्थापन गर्न समस्या भएको र विद्यार्थीको सुरक्षित बसाइमा समेत चुनौती थपिएको उनले बताए।

विद्यालयमा रहेका चार भवनमध्ये एउटा भवनको पर्खाल भत्किएको छ भने



अन्य तीन भवनसमेत जीर्ण अवस्थामा छन्। दुईतले अर्को भवनमा समेत चिरा परेको विद्यालयले जनाएको छ। सबै भवन पुराना र जीर्ण भएकाले विद्यार्थीलाई जोखिमका बीच अध्ययन गराउनुपर्ने अवस्था रहेको प्रधानाध्यापक बस्नेतले बताए।

विद्यालयमा हाल ९५ जना विद्यार्थी आधारभूत तहसम्म अध्ययनरत छन्। कक्षाकोठा अभाव र जीर्ण संरचनाका कारण नियमित पठनपाठन प्रभावित भएको विद्यालयको भनाइ छ।

विद्यालय प्रशासनले विद्यार्थीको सुरक्षालाई प्राथमिकतामा राख्दै तत्काल जीर्ण संरचनाको मर्मत गर्नुपर्ने जनाएको छ।

साथै, दीर्घकालीन रूपमा सुरक्षित र सुविधायुक्त नयाँ विद्यालय भवन निर्माण गर्न स्थानीय सरकारसँग आग्रह गरिएको प्रधानाध्यापक बस्नेतले बताए।

विद्यालयले भवनको अवस्था तत्काल निरीक्षण गरी जोखिमयुक्त संरचना हटाउने, मर्मत गर्ने तथा आवश्यक बजेट व्यवस्थापनका लागि स्थानीय तहसँग पहल गर्न माग गरेको छ।

नयाँ भवन निर्माण हुन सके विद्यार्थीले सुरक्षित वातावरणमा नियमित अध्ययन गर्न पाउने विद्यालयको अपेक्षा छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

## शिक्षक–कर्मचारीको पारिश्रमिक वृद्धिः

# वार्षिक थप चार अर्ब ६८ करोड चाहिने

काँक्रेविहार संवाददाता
काठमाडौं, ४ भदौ

सङ्घीय अनुदानमा कार्यरत शिक्षक तथा प्रारम्भिक बालविकास (इसिडी) सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक अनुदान वृद्धिको निर्णयसँगै चालु आर्थिक वर्षमा रु चार अर्ब ६८ करोड ९८ लाख ३० हजार थप बजेट आवश्यक पर्ने भएको छ।




मन्त्रिपरिषद्को बुधबारको बैठकले सङ्घीय शिक्षण सहयोग अनुदान कोटामा कार्यरत शिक्षकको साविक पारिश्रमिक अनुदानमा १० प्रतिशत वृद्धि गर्ने निर्णय थियो। सो निर्णयपछि अब उक्त कोटाका माध्यमिक तहका शिक्षकको मासिक पारिश्रमिक रु ४३ हजार ६६९ बाट बढेर रु ४८ हजार ५८ पुगेको छ। आधारभूत तहका शिक्षकको मासिक पारिश्रमिक रु ३४ हजार ७३० बाट ३८ हजार २०३ कायम गरिएको छ। यसैगरी, इसिडी सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीका लागि सङ्घीय सरकारले उपलब्ध गराउँदै आएको पारिश्रमिक अनुदानमा मासिक रु पाँच हजार थप गरिएको छ।

शिक्षा तथा खेलकुद मन्त्रालयका प्रवक्ता श्रीप्रसाद भट्टराईले उल्लेखित दरमा पारिश्रमिक वृद्धिका लागि चालु आर्थिक वर्षमा रु चार अर्ब ६८ करोड ९८ लाख ३० हजार थप बजेट आवश्यक पर्ने भएकाले नेपाल सरकारको निर्णयबमोजिम सोको व्यवस्थापन अर्थ मन्त्रालयलाई सहमति माग गरिएको जानकारी दिए। उनले अर्थबाट हुने सहमतिपश्चात पारिश्रमिक वृद्धिको निर्णय कार्यान्वयनमा आउने बताए नयाँ व्यवस्थाअनुसार (इसिडी) सहजकर्ताको मासिक पारिश्रमिक रु १२ हजारबाट १७ हजार, विद्यालय सहयोगीको रु १० हजारबाट १५ हजार र लेखा हेर्ने विद्यालय कर्मचारीको रु १५ हजारबाट २० हजार पुगेको छ। नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका अध्यक्ष हंशबहादुर शाहीले सबै राष्ट्रसेवकका लागि बढ्ने १० प्रतिशतमा बढ्नु स्वभाविक र सकारात्मक भए पनि इसिडी सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगीका लागि न्यूनतम् मासिक रु २३ हजार पारिश्रमिक पुग्नुपर्ने बताए। विद्यालय कर्मचारी परिषद्का अध्यक्ष गङ्गाराम तिवारीले पारिश्रमिक वृद्धिप्रति सरकारलाई धन्यवाद दिँदै आफूहरुलाई दरबन्दीमा सेवा गर्ने अवसर दिनुपर्ने माग गरे।

# हुम्लामा तीन दिन विद्युत् आपूर्ति बन्द

काँक्रेविहार संवाददाता
हुम्ला, ४ भदौ

हिल्दुम विद्युत् वितरण केन्द्रले ११ केभी प्रसारण लाइन मर्मत गर्न तीन दिन विद्युत् आपूर्ति बन्द गर्ने भएको छ।

हिल्दुम पावर हाउसदेखि खार्पुनाथ गाउँपालिकाको लालीसम्म रहेको प्रसारण लाइन अन्तर्गत खार्पुनाथ पाँच चौगानचौरमा मर्मत गर्नुपर्ने भएपछि विद्युत् आपूर्ति बन्द गर्न लागिएको हो।

केन्द्रका प्रमुख जितेन्द्र शाहका अनुसार खार्पुनाथ गाउँपालिका पाँचका सबै बस्तीमा भदौ चार देखि छ गतेसम्म



विद्युत् आपूर्ति बन्द हुनेछ। उक्त अवधिमा बिहान आठ बजेदेखि बेलुका सात बजेसम्म विद्युत् सेवा अवरुद्ध रहनेछ।

चौगानचौर क्षेत्रमा ११ केभी प्रसारण लाइनमा समस्या देखिएपछि नियमित विद्युत् आपूर्ति सहज बनाउन मर्मत गर्न लागिएको केन्द्रले जनाएको छ।

मर्मत कार्यका क्रममा विद्युत् आपूर्ति बन्द गर्नुपर्ने भएकाले सेवाग्राहीलाई आवश्यक तयारी गर्न केन्द्रले आग्रह गरेको छ।

विद्युत् सेवा बन्द हुँदा ग्राहकमा पर्न जाने असुविधाप्रति वितरण केन्द्रले क्षमासमेत मागेको छ। मर्मत कार्य सम्पन्न भएपछि नियमित रूपमा विद्युत् आपूर्ति सञ्चालन गरिने केन्द्रले जनाएको छ।

# लुम्बिनी प्रदेशमा अस्थायी सङ्गठन संरचना र दरबन्दी स्वीकृत

काँक्रेविहार संवाददाता
रूपन्देही, ४ भदौ

लुम्बिनी प्रदेश सरकारले अस्थायी सङ्गठन संरचना र दरबन्दी स्वीकृत गरेको छ। मुख्यमन्त्री चेतनारायण आचार्यको अध्यक्षतामा बसेको मन्त्रीपरिषद् बैठकले अस्थायी सङ्गठन संरचना र दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको हो।



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले पेस गरेको अस्थायी सङ्गठन संरचना आर्थिक वर्ष २०८३/०८४ को प्रथम चौमासिकका लागि स्वीकृत गर्ने निर्णय भएको सरकारका प्रवक्ता तथा स्वास्थ्य मन्त्री रामजीप्रसाद घिमिरेले जानकारी दिए।

यस्तै बैठकले आर्थिक मामिला तथा योजना मन्त्रालयले पेस गरेको नयाँ तलबमान तथा प्रोत्साहन भत्ताको रकम कायम गर्ने निर्णयसमेत गरेको छ।


## नागरिकमैत्रीः सार्वजनिक सेवा

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रूपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमानदारीता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं।
- सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

## आयुर्वेद चिकित्सा सेवा जडिबुटी एवं आयुर्वेद औषधि प्रयोग सम्बन्धि महत्तवपूर्ण सूचना

√ आयुर्वेद औषधि सेवन गर्नु पूर्व अनिवार्य रूपमा नजिकको आयुर्वेद स्वास्थ्य संस्थामा गई आयुर्वेद चिकित्सक वा स्वास्थ्यकर्मीसँग स्वास्थ्य परिक्षण गराउनु पर्छ।

√ आयुर्वेद औषधिको Expiry मिति हेरेर मात्र प्रयोग गरौं।

√ आयुर्वेद औषधिको साइडइफेक्ट हुन्न अथवा ग्यारेन्टी उपचार हुन्छ भन्ने जस्ता भ्रममा नपरौं।

√ झोलामा, गाडीमा बोकेर हिड्ने व्यक्तिहरूबाट आयुर्वेद/जडिबुटी जन्य औषधि किनेर प्रयोग नगरौं।

√ आयुर्वेद औषधि एवं उपचार पद्धतीको प्रयोगबाट नसर्ने तथा दीर्घ रोगहरूको व्यवस्थापन गर्न सकिन्छ। यसको लागि अनिवार्य रूपमा आयुर्वेद स्वास्थ्य स स्थामा सम्पर्क गरौं र आयुर्वेद चिकित्सक एवं स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा उपचार गरौं।

√ आयुर्वेद उपचार एवं परामर्श लिनु अगाडि नेपाल आयुर्वेद मेडिकल काउन्सिलमा दर्ता भएका आयुर्वेद चिकित्सक/स्वास्थ्यकर्मीबाट नै उपचार गराइरहनु भएको छ भन्ने कुरामा सुनिश्चित हुनुहोस्।

प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र सुर्खेत
थप जानकारीका लागि : ०८३-५२०९३५

## वीरेन्द्रनगर डेन्टल केयर होम

BND
वीरेन्द्रनगर ६, हटियाचोक सुर्खेत
मा उपलब्ध अत्याधुनिक दन्त उपचार सेवाहरू:

विश्वस्तरीय प्रविधि र अनुभवी दन्त चिकित्सकद्वारा सेवा

१. पूर्ण दन्त परीक्षण: मुख र दाँतको विस्तृत जाँच।
२. दाँत सफाई: अत्याधुनिक प्रविधिद्वारा दाँत र गिजाको सफाई।
३. दाँत भर्ने र जरादेखि उपचार (RCT): किराले खाएको दाँतको सुरक्षित उपचार।
४. दाँत रोप्ने (Dental Implant): हराएको दाँतको स्थायी र प्राकृतिक समाधान।
५. दाँत बाँध्ने (Braces): टेढोमेढो दाँतलाई सिधा र आकर्षक बनाउने।
६. नक्कली दाँत राख्ने (Crown/Bridge/Denture): हराएको दाँतको सट्टा नक्कली दाँत राख्ने।
७. दाँत निकाल्ने: सामान्य र जटिल प्रकारका दाँत निकाल्ने सेवा।
८. लेजर र कस्मेटिक उपचार: आधुनिक प्रविधिबाट दाँत र मुस्कानलाई सुन्दर बनाउने।
९. बाल दन्त चिकित्सा: बालबालिकाहरूको दन्त स्वास्थ्यको विशेष हेरचाह।

तपाईंको दन्त स्वास्थ्यसँग सम्बन्धित जुनसुकै समस्याको लागि हामीलाई सम्पर्क गर्नुहोस्।

आधुनिक प्रविधि | सुरक्षित उपचार | उत्कृष्ट सेवा

सम्पर्क : स्थान: वीरेन्द्रनगर ६, हटिया चोक, सुर्खेत फोन नम्बरहरू: ९८५८०५११६४, ९८५८०६१७६९, ९७१२०५५५६५





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)